# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा,बागलुङ

फोननं:- ०६८४२११००,०६८४२१
वेब साइट:- jaiminimun.gov.np
इमेल:- jaiminimun@gmail.com

४ नं.प्रदेश, नेपाल


प.स.: ०७४/०७५
च.न.: ६०६

मितिः-२०७५।२।१८

**विषय :- आगामी आ.व.२०७५/७६ को बार्षिक योजना निर्माण सम्बन्धमा ।**

श्री वडा अध्यक्षज्यू
१० वटै वडा
जैमिनी नगरपालिका बागलुङ ।

उपरोक्त सम्बन्धमा आगामी आर्थिक वर्ष २०७५।७६ को बार्षिक योजना निर्माण सहभागितात्मक योजना तर्जुमा पद्धतिको माध्यमबाट गर्नुपर्ने भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेको कानूनी व्यवस्था अनुरुप संघीय सरकारबाट जैमिनी नगरपालिकालाई आगामी आ.व.को अनुमानित बजेटको मार्गदर्शन र सिलिङ प्राप्त भैसकेको छ । संघीय सरकार र प्रदेश सरकारको विशेष अनुदानबाट कार्यान्वयन हुन सक्ने आयोजनाहरु वाहेक स्थानीय तहलाई प्राप्त हुने समानीकरण अनुदान, राजस्व वाडफाँडबाट प्राप्त हुने आम्दानी र आन्तरिक आयलाई आधारमानी आगामी आ.व.को बार्षिक योजना निर्माण प्रक्रिय अगाडी वढाउनुपर्ने भएकोले तपसिल अनुसारको शर्त र बजेटको सिमाभित्र रहने गरी आगामी आ.व.को आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण/छनौट गर्ने कार्य सामाजिक समावेशीकरणको मान्यता अनुरुप टोल, र वस्तीस्तका सवै वर्ग, क्षेत्र, जनजाती, स्थानीय गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, सामुदायिक वन, वाल क्लब आदी लगायतका सरोकारवाला व्यक्ति र संघसंस्थाहरुको अर्थपूर्ण सहभागिता रहने गरी वस्ती, टोलस्तरबाट नै छलफल गराई वडास्तरबाट योजनाहरुको विषयगतरुपमा योजनाहरुको प्राथमिकिकरण गरी मिति २०७५।२।२८ गते भित्रमा यस नगरपालिकामा पेश गरिसक्नुहुन अनुरोध छ । योजना छनौटको प्रक्रियामा आवश्यक सहजीकरणका लागि आवश्यकताको आधारमा नगरपालिकाबाट समेत सहयोग र समन्वय गरिने व्यहोरा जानकारी गराईन्छ ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

फोननं:- ०६८४२११००,०६८४२१
वेब साइट:- jaiminimun.gov.np
इमेल:- jaiminimun@gmail.com

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कुश्मीसेरा,बागलुङ

प.स.: ०७४/०७५
च.न.:

४ नं.प्रदेश, नेपाल

*तपसिल*

*(क) आयोजना प्राथमिकिकरण गर्दा अपनाईने आधारहरु :-*

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने,
४. स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
६. महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७ लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।
८. दीगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,
९. भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,
१० स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

*(ख) वस्ती तहका योजना छनौट गर्दा ध्यानदिनुपर्ने कुराहरु*

१. वडासमितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।
२. प्रत्येक वडाले वडाभित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि वैठक हुने दिन, मिति र समय कम्तीमा ३ तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्नेछ ।
३. वस्तीतहका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै वर्ग र समुदाय(महिला, दलित, आदीवासी जनजाती, मधेसी, थारु, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदी)को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा,बागलुङ
४ नं.प्रदेश, नेपाल

फोननं:- ०६८४२११००,०६८४२१
वेब साइटः- jaiminimun.gov.n
इमेलः- jaiminimun@gmail.c


प.स.: ०७४/०७५
च.न.:

४. टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोलवस्ती भित्रका क्रियाशिल सामुदायिक संस्थाहरु(टोलविकास संस्था, आमा समूह, वाल क्लब, सन्जाल, युवा क्लब, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागि गराउनुपर्नेछ ।

५. माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको आधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखितरुपमा वडा समितिमा पठाउनुपर्नेछ ।

***(ग) योजना/कार्यक्रमका विषयगत क्षेत्रहरु***

१. आर्थिक विकास :- यस अन्तरगत कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तिय जस्ता क्षेत्रहरु समावेश गर्ने ।

२. सामाजिक विकास :- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवद्धर्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदीवासी जनजाती, मधेसी, मुस्लिम, थारु, अल्पसंख्यक आदी जस्ता क्षेत्र समावेश गर्ने ।

३. पूर्वाधार विकास :- सडक तथा पुल(झोलुङ्गेपुल समेत), सिचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार जस्ता क्षेत्र समावेश गर्ने ।

४. वातावरण तथा विपद व्यवस्थापन :- वन तथा भूसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने ।

५. सुशासन तथा संस्थागत विकास :- मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, वेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्रहरु समावेश गर्ने ।

प्रसाद सुवेदी
अधिकृत